गण्डकी प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

**प्रदेश जनस्वास्थ्य कार्यालय,**

**बागलुङ**

# मासिक जनस्वास्थ्य बुलेटिन

**आर्थिक वर्षः ५ अंकः ४१ महिनाः ४१ जेष्ठ २०८३**

## प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङद्वारा जेष्ठ महिनामा सम्पादीत कार्यक्रम

### प्रजनन रुग्णता सम्बन्धि मिडियाकर्मी तथा अन्य सरोकारवाला संग अन्तरक्रिया कार्यक्रम

प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङद्वारा मिति २०८३/०२/०२ गते प्रजनन रुग्णता सम्बन्धि मिडियाकर्मी तथा अन्य सरोकारवाला संग अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ। प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङका प्रमुख श्री प्रवीण शर्माको अध्यक्षतामा सम्पन्न गरिएको उक्त कार्यक्रमको संचालन वरिष्ठ क्षयकुस्ठ निरिक्षक श्री देवप्रकाश घिमिरेले गर्नुभएको थियो भने स्वागत तथा उद्देश्य मन्तव्य जनस्वास्थ्य निरीक्षक श्री लक्ष्मी शर्माले गर्नुभएको थियो। कार्यक्रममा जनस्वास्थ्य अधिकृत श्री समिता घिमिरेले सहजीकरण गर्नुभएको थियो ।उक्त कार्यक्रममा धौलागिरी प्रादेशिक अस्पतालका स्त्रीरोग विशेषज्ञ डा. विजय ओझाले प्रजनन रुग्णताको क्लिनिकल पाटोमा प्रकाश पार्नुभएको थियो भने नेपाल सरकारले प्रजनन रुग्णता सम्बन्धी गर्दै आएका विभिन्न कार्यक्रमबारे बागलुङ नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख श्री रामप्रसाद खनालले प्रकाश पार्नुभएको थियो। कार्यक्रममा मिडियाकर्मी, जनप्रतिनिधि, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका तथा स्वास्थ्यकर्मी गरि जम्मा २५ जनाको सहभागिता रहेको थियो।






### आखा,नाक,कान,घाटि तथा मुख स्वास्थ्य सम्बन्धि प्राथमिक उपचार अभिमुखिकरण कार्यक्रम

प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङको आयोजनामा यहि मिति २०८३/०२/०२ र ३ गतेका दिन स्वास्थ्यकर्मीहरुका लागि आखा,नाक,कान,घाटि तथा मुख स्वास्थ्य सम्बन्धि प्राथमिक उपचार अभिमुखिकरण सम्पन्न भएको छ।प्रदेश जनस्वास्थय कार्यालय प्रमुख श्री प्रविण शर्माको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा बागलुङका दशवटा स्थानिय तहका स्वास्थ्य संस्थामा कार्यरत २९ जनाको सहभागिता रहेको थियो।धौलागिरि प्रादेशिक अस्पतालका दन्तरोग विशेषज्ञ डाक्टर सन्जु पौडेल ,डाक्टर

विनोद बराल र प्रदेश जनस्वास्थ्य कार्यालयका देव प्रकाश घिमिरेले सहजिकरण गर्नु भएको थियो। यस अभिमुखिकरणले स्वास्थ्य संस्थामा आउने आखा, नाक कान,घाटि तथा मुख स्वास्थ्य सम्बन्धि विभिन्न समस्यालाई समयमा नै पहिचान गरि प्राथमिक उपचार गर्ने र प्रेषण गरि थप जटिलता आउन नदिन सहयोग पुर्याउने उदेश्य सहित सम्पन्न भएको छ।





## MPDSR सम्बन्धी अभिमुखीकरण कार्यक्रम तथा CPHE कार्यक्रम

प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङद्वारा मिति २०८३/०२/०५ र ०६ गते स्वास्थ्यकर्मीका लागि MPDSR सम्बन्धी अभिमुखीकरण कार्यक्रम जैमिनी नगरपालिकाका स्वास्थ्यकर्मीहरु माझ सम्पन्न गरिएको छ। कार्यक्रमको औपचारिक सत्रको अध्यक्षता जैमिनी नगरपालिकाका प्रमुख श्री नर बहादुर पुनले गर्नुभएको थियो भने अतिथिको रुपमा जैमिनी नगरपालिकाका उपप्रमुख श्री हरिहर शर्मा तथा प्रमुख प्रशासकिय अधिकृत श्री कृष्ण पौडेलले गर्नुभएको थियो। कार्यक्रमको टेक्निकल सत्रमा MPDSR कार्यक्रमको आवश्यकता, निगरानी तथा प्रतिकार्य प्रक्रियाबारे छलफल गरिएको थियो भने औपचारिक सत्रमा स्थानिय तह को MPDSR समितिको काम, कर्तव्य र अधिकार सम्बन्धी छलफल गरिएको थियो।
दुई दिनसम्म संचालन गरिएको उक्त कार्यक्रमको सहजीकरण प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङका जनस्वास्थ्य अधिकृत श्री समिता घिमिरे तथा जनस्वास्थ्य निरिक्षक श्री लक्ष्मी शर्माले गर्नुभएको थियो।
यसै अभिमुखिकरण कार्यक्रमका सहभागीहरु माझ CPHE अन्तर्गत तिन वटा सेसन समेत संचालन गरिएको थियो। २०८३/०२/०६ गते प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङका जनस्वास्थ्य अधिकृत श्री समिता घिमिरेले एउटा सेसनमा स्वास्थ्यकर्मी तथा जनप्रतिनिधी माझ लैङिक तथा स्वास्थ्य फोकल पर्सनको आवश्यकता सम्बन्धि सेसन संचालन गर्नुभएको थियो भने अर्को सेशनमा स्वास्थ्यकर्मी माझ एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC) सम्बन्धी सेसन संचालन गर्नुभएको थियो । त्यसैगरी जनस्वास्थ्य निरिक्षक श्री लक्ष्मी शर्माले पोषण कार्यक्रमका सुचक सम्बन्धी सेसन संचालन गर्नुभएको थियो।





## प्रजनन रुग्णता सम्बन्धी समुदाय स्तरिय सचेतना तथा स्कृनिङ कार्यक्रम

प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङको आयोजनामा मिति २०८३/०२/०९ र १० गते निसिखोला गाउँपालिका र ढोरपाटन नगरपालिकामा प्रजनन रुग्णता सम्बन्धी समुदायस्तरिय सचेतना तथा एकीकृत स्कृनिङ कार्यक्रम सम्पन्न भयो।

मिति २०८३/०२/०९ गते निसेलढोर र गादीखोला दुवै स्थानमा सचेतना कार्यक्रम सञ्चालन गरिएको थियो, जसमा पाठेघर खस्ने समस्या, पाठेघरको मुखको क्यान्सर, स्तन क्यान्सर, अब्स्टेट्रिक फिस्टुलाका साथै लैङ्गिक हिंसा, एकद्वार संकट व्यवस्थापन केन्द्र र मानसिक स्वास्थ्य सम्बन्धी जानकारी प्रदान गरिएको थियो। सोही दिन निसेलढोरमा बुर्तिबाङ अस्पताल, ढोरपाटन नगरपालिका, निसिखोला गाउँपालिका र NGDF को प्राविधिक सहयोगमा ६० जना महिलाको प्रजनन स्वास्थ सम्बन्धी स्कृनिङ गरिएको थियो, जसमा ४० जनाको VIA परीक्षण, १५ जनाको RUSG तथा ३ जनाको ANC checkup गरिएको थियो। परीक्षण गरिएका महिलामध्ये १ जनामा uterine prolapse, १ जनामा polyps, १ जनामा PID तथा ३ जनामा pelvic organ prolapse को समस्या पाइएको थियो।

मिति २०८३/०२/१० गते ढोरपाटन नगरपालिकामा बुर्तिबाङ अस्पताल र NGDF को प्राविधिक सहयोगमा आयोजित स्कृनिङ कार्यक्रममा ९९ सेवाग्राहीले स्वास्थ्य सेवा प्राप्त गरे। परीक्षणमा २ जनामा VIA +ve, १८ जनामा cervicitis, १२ जनामा cystocele, ३ जनामा rectocele, ४ जनामा PID, ३ जनामा vaginal tear तथा २ जनामा pelvic organ prolapse देखिएको थियो। यसका अतिरिक्त ३८ जनाको USG तथा ६ जनाको ANC checkup समेत गरिएको थियो।








## मानसिक स्वास्थ्य सम्वन्धी सचेतना पैरवी तथा अन्तरक्रिया कार्यक्रम

प्रदेश जनस्वास्थ्य कार्यालय, बागलुङको आयोजनामा मिति २०८३।०२।११ र १३ गते क्रमशः ताराखोला गाउँपालिका र बडिगाड गाउँपालिकाको समन्वयमा दुई स्थानमा मानसिक स्वास्थ्य सम्बन्धी सचेतना, पैरवी तथा अन्तरक्रिया कार्यक्रम सफलतापूर्वक सम्पन्न भयो।

मिति २०८३।०२।११ गते ताराखोला गाउँपालिका वडा नं ४, दोगडीस्थित वडा कार्यालयको सभाहलमा वडाध्यक्ष श्री जीत बहादुर खत्रीको अध्यक्षतामा कार्यक्रम सम्पन्न भयो, जसमा जनप्रतिनिधि, शिक्षक, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका, समाजसेवी, स्वास्थ्य चौकीका स्वास्थ्यकर्मी र स्थानीय बासिन्दा गरी जम्मा २७ जनाको सहभागिता रहेको थियो। त्यसैगरी मिति २०८३।०२।१३ गते बडिगाड गाउँपालिका वडा नं ५, ग्वालीचौरस्थित बडिगाड नगर अस्पतालको सभाहलमा वडाध्यक्ष श्री विष्णु आचार्यको अध्यक्षतामा आयोजित कार्यक्रममा जनप्रतिनिधि, शिक्षक, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका, समाजसेवी, अस्पतालका स्वास्थ्यकर्मी र स्थानीय बासिन्दा गरी ३३ जनाको उपस्थिति रहेको थियो।

दुवै कार्यक्रमको सञ्चालन प्रदेश जनस्वास्थ्य कार्यालयका ल्याब टेक्निसियन निरीक्षक श्री डिल्ली प्रसाद आचार्यले गर्नुभएको थियो भने जनस्वास्थ्य अधिकृत श्री टिकाराम भण्डारीले स्वागत तथा कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्नुभएको थियो। श्री भण्डारीले मानसिक रोगको अवस्था, यसका कारण, समुदायमा पर्ने असर तथा रोकथामका लागि अपनाउनुपर्ने जीवनशैली र आहारविहारबारे जानकारी प्रदान गर्नुभयो। धौलागिरी आयुर्वेद अस्पतालका निमित्त प्रमुख डा श्री कमल विक्रम पौडेल लगायत आयुर्वेद चिकित्सकहरूले जीवनशैली परिवर्तन र योगअभ्यासबारे मार्गदर्शन गर्नुभयो। ताराखोला गाउँपालिकाकी मनोपरामर्शकर्ता श्री रेजिना रोकाले मानसिक रोगीहरूलाई मनोपरामर्शको आवश्यकता र यसका सकारात्मक प्रभावबारे प्रस्तुति राख्नुभयो।

उक्त कार्यक्रमहरूले समुदायमा मानसिक स्वास्थ्य सम्बन्धी सकारात्मक जनचेतना फैलाउन, आत्महत्याको दर घटाउन र यस विषयमा मानिसहरूको ज्ञानमा वृद्धि गर्न सहयोग पुग्ने अपेक्षा राखिएको छ।





## पोषण कार्यक्रमको वार्षिक समीक्षा तथा योजना तर्जुमा कार्यक्रम

जिल्लास्तरीय पोषण कार्यक्रमको वार्षिक समीक्षा तथा योजना तर्जुमा कार्यक्रम मिति २०८३/०२/१३ देखि १५ गते सम्म संचालन गरी सम्पन्न गरिएको छ। स्थानिय तहका स्वास्थ्य शाखा प्रमुख एवम पोषण कार्यक्रमका फोकल पर्सनको सहभागिता रहेको उक्त कार्यक्रममा पोषण सम्बन्धी सुचक तथा हालै सम्पन्न गरिएको पोशनलेखाजोखा अभियानमा आएका तथ्यांक सम्बन्धि छलफल गरिएको थियो। त्यसका साथै आगामी आर्थिक वर्षको लागि पोषण केन्द्रित रहि योजना तर्जुमा समेत गरिएको थियो। तीन दिनको उक्त कार्यक्रमको सहजीकरण प्रदेश जनस्वास्थ्य कार्यालयका जनस्वास्थ्य अधिकृत श्री समिता घिमिरे तथा जनस्वास्थ्य निरिक्षक श्री लक्ष्मी शर्माले गर्नुभएको थियो। साथै कार्यक्रममा प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङका

प्रमुख श्री प्रवीण शर्माले कार्यक्रम अनुगमनका साथै बागलुङ जिल्लामा पोषण अवस्था सुधारका लागि जनस्वास्थ्यका दृ दृष्टिकोणबाट गर्नुपर्ने क्रियाकलापबारे सल्लाह सुझाव व्यक्त गर्नुभएको थियो।





## CBIMNCI सम्बन्धि तालिम

प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङको आयोजनामा यहि मिति २०८३/०२/१३गते देखि १८ सम्म स्वास्थ्यकर्मीहरुका लागि समुदायमा आधारित नवजात शिशु तथा बालरोगको एकिकृत व्यबस्थापन (CBIMNCI) सम्बन्धि तालिम सम्मपन्न भएको छ।उक्त तालिममा धौलागिरि प्रादेशिक अस्पतालका बालरोग विशेषज्ञ यशोदा पौडेल,सन्दिप के सि,बिनोद बराल, देवि भट्टराई,प्रतिक्षा तिमिल्सेना तथा देव प्रकाश घिमिरेले सहजिकरण गर्नु भएको थियो। बागलुङ जिल्लास्थित विभिन्न स्वास्थ्य संस्थामा कार्यरत २४ जना स्वास्थ्यकर्मिको उपस्थिति रहेको थियो।यो तालिम पश्चात स्वास्थ्य संस्थामा आउने जन्मे देखि ५ वर्षका बालबालिकामा देखिने स्वास्थ्य समस्याहरुको समयमा पहिचान गरि बर्गिकरण,मुल्याकन तथा व्यबस्थापन गरि बालरोगको मृत्युदर कम गर्न सहयोग पुग्ने उद्देश्य राखिएको छ।









## बागलुङ जिल्लास्थित विभिन्न स्थानीय तहद्वारा जेष्ठ महिनामा सम्पादित कार्यक्रम

### बागलुङ नगरपालिका

- पूर्ण खोप सुनिश्चितता तथा दिगोपना पालिका घोषणा
- मासिक समीक्षा एवं डाटा भेरिफिकेसन बैठक
- क्षयरोग कार्यक्रमको स्थलगत अनुशिक्षण कार्यक्रम
- न्यूनतम सेवा मापदण्ड कार्यक्रम
- महिनावारी स्वच्छता सम्बन्धी स्वास्थ्य शिक्षा कार्यक्रम
- पोषण स्वास्थ्य सँग सम्बन्धित विद्यालय स्तरीय वक्तित्वकला तथा हाजिरी जवाफ प्रतियोगिता
- समुदायमा जाउलो तथा लिटो प्रदर्शनी कार्यक्रम
- मातृ तथा नवशिशु अध्यावधिक अभिमुखीकरण कार्यक्रम
- स्वास्थ्य आमा समूह तथा सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई मातृ शिशु तथा बाल्यकालीन पोषण प्रवर्धन सम्बन्धी अभिमुखीकरण कार्यक्रम
- समुदायमा आधारित रोग निगरानी कार्यक्रम सम्बन्धी अभिमुखीकरण
- राष्ट्रिय क्षयरोग कार्यक्रम अन्तर्गत क्षयरोगीहरूको सक्रिय खोजकर्ताल कार्यक्रम इत्यादि।





### गलकोट नगरपालिका

- स्वास्थ्य कार्यक्रमहरुको मासिक समिक्षा बैठक तथा डाटा भेरिफिकेशन
- विश्व रक्तचाप दिवसको अवसरमा गलकोट न पा ९ मा नसर्ने रोग सम्वन्धी अभिमुखिकरण तथ रगतमा सुगरको मात्रा, रक्तचाप, BMI मापन तथा आबश्यक परामर्श प्रदान गरी कार्यक्रम सम्पन्न
- ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रमको निरन्तरता
- घरदैलो जेष्ठ नागरिक स्वास्थ्य परिक्षण कार्यक्रम सम्पन्न
- गकलोट नगर अस्पतालमा मासिक pap smear जाँच कार्यक्रम सम्पन्न
- रिघा स्वास्थ्य चौकीमा न्युनतम सेवा मापदण्डको मुल्याङकन कार्यक्रम सम्पन्न
- राष्ट्रिय क्षयरोग कार्यक्रम अन्तर्गत सक्रिय क्षयरोग खोजपड्ताल कार्यक्रम सम्पन्न
- विद्यालयका विद्यार्थीहरुको लागी जुकाको औषधी वितरण कार्यक्रम सम्पन्न
- स्वास्थ्य संस्था प्रमुख तथा नर्सिङ कर्मचारीहरुको लागी MNH update तथा Anti shock garment सम्बन्धी १ दिने अभिमुखिकरण कार्यक्रम सम्पन्न।
- महिनावारी स्वच्छता दिवसको अवसरमा ३ वटा विद्यालयमा महिनावारी स्वच्छता दिवस विशेष बक्तृत्वकला प्रतियोगिता सम्पन्न
- प्रदेश जनस्वास्थ्य कार्यालयको आयोजनामा नरेठाटी स्वास्थ्य चौकीमा ३ दिने MNH update कार्यक्रम सम्पन्न
- डेंगु तथा किटजन्य रोग नियन्त्रणका लागी समुदाय अन्तरक्रिया तथा खोज र नश्ट गर अभियान सञ्चालन।

## जैमिनी नगरपालिका

- पालिका पुर्णखओप सुनिश्चितता तथा दिगाोपना कार्यक्रम घओषणा
- जैमिनी १० राङरानि स्वास्थ्यचौकी मा बिशेषज्ञ स्वास्थ्य शिविर ३९५जनाले सेवा लिएका
- सबै स्वास्थ्य सस्थामा स्वयंसेविकाहरूलाई MPDSR सम्बन्धि अभिमुखिकरण
- ५ वटा सस्थामा MSS सम्पन्न गरि समीक्षा समेत
- विद्यार्थीलाई जुकाको औषधि वितरण
- सबै स्वास्थ्य सस्थामा नियमित सेवाका लागि औषधि र सामाग्री पठाउने ७ मासिक समीक्षा बैठक




## ढोरपाटन नगरपालिका

- सबै बिधालयहरुमा बिधालय पोषण सप्ताह अन्तरगत विभिन्न कार्यक्रमहरु
- पोषण लेखाजोखा पश्चात् पत्ता लागेका कुपोशीत बालबालिकाको लागि पोषण प्याकेज वितरण
- महिनावारी स्वच्छता सम्बन्धी हाजिरिजवाफ प्रतियोगिता
- उच्च रक्तचाप भएका व्यक्तिहरुको लागि व्यवहार परिवर्तन साथै विश्व रक्तचाप दिवसको अवसरमा समुदाय स्तरमा रक्तचाप मापन कार्यक्रम
- किशोरकिशोरी तथा प्रजनन स्वास्थ्य सम्बन्धी विद्यालय स्वास्थ्य शिक्षा
- स्वास्थ्य संस्था प्रमुखहरुको मासिक समीक्षा तथा डाटा भेरिफिकेशन
- AMR तथा जुनोटिक रोग सम्बन्धी अभिमुखिकरण
- विद्यालयमा विद्यार्थीहरुको लागि जुकाको औषधि वितरण कार्यक्रम
- समुदाय स्तरमा गर्भवतिको लागि निशुल्क भिडियो एक्सरे ROUSG कार्यक्रम
- प्रदेश जनस्वास्थ्य कार्यालय तथा बुर्तिवाङ अस्पताल

## निसीखोला गाउँपालिका

- मासिक बैठक कार्यक्रम
- पोषण सप्ताहा कार्यक्रममा विद्यालय तथा समुदाय स्वास्थ्य शिक्षा कार्यक्रम
- किशोरकिशोरी तथा प्रजनन स्वास्थ्य शिक्षा कार्यक्रम संचालन
- महिनावारी स्वछता स्वास्थ्य शिक्षा कार्यक्रम संचालन
- विधालयमा जुकाको औषधी वितरण कार्यक्रम
- क्षयरोग AI X-ray बाट screening सचांलन
- हजार दिनका आमासमुहको बैठक प्रत्येक टोल टोलमा कार्यक्रम सचांलन

## बडीगाड गाउँपालिका

- विधालयहरुमा विधालय पोषण सप्ताह अन्तरगत विभिन्न कार्यक्रमहरु संचालन
- किशोर किशोरी तथा प्रजनन स्वास्थ्य सम्बन्धी विद्यालय स्वास्थ्य शिक्षा
- स्वास्थ्य संस्था प्रमुखहरुको मासिक समीक्षा तथा डाटा भेरिफिकेशन
- विधार्थीहरुको लागि जुकाको औषधि वितरण कार्यक्रम
- समुदाय स्तरमा गर्भवतिको लागि निशुल्क भिडियो एक्सरे ROUSG कार्यक्रम
- आधारभुत स्वास्थ्य सेवा केन्द्र बडिगाड १० मा VIA शिविर सन्चालन
- एकिकृत जनस्वास्थ्य अभियान कार्यक्रम अन्तगर्त एकिकृत घुम्ति स्वास्थ्य सेवा संचालन
- छातीको एक्सरे स्वास्थ्य शिविर संचालन
- विशेषज्ञ आयुर्वेद स्वास्थ्य शिविर

- प्रजन्न रुगणता कार्यक्रम वडा- नं २ मा सचांलन
- पालिका स्तरीय पोषण तथा वडा स्तरिय समिति चयन र अभिमुखिकरण कार्यक्रम
- क्षयरोग समिक्षा १०-ध्यान योग कार्यक्रम सचांलन
- किशोरीहरुमा Hemoglobin परिक्षण

## काठेखोला गाउँपालिका

- मासिक समीक्षा तथा डाटा भेरिफिकेशन एवं भ्यालिडेशन कार्यक्रम संचालन
- पूर्णखोप सुनिश्चितता तथा दिगोपना वडा र पालिका घोषणा कार्यक्रम सम्पन्न गरीएको
- CB-IMNCI अनुशिक्षण कार्यक्रम संचालन गरिएको
- विद्यालयमा दिवा खाजाको मेनु निर्माणमा पोषण सम्बन्धी साथै कुकहरुका लागि पोषण तथा सरसफाइ सम्बन्धी अभिमुखिकरण कार्यक्रममा सहजीकरण गरीएको
- विद्यालयका किशोरीहरुको रक्तअल्पत्ता जाँच गरी पोषणको स्थिति पहिचान गरिएको
- विद्यालयमा पोषण, HIV/AIDS, किशोर किशोरी तथा प्रजनन् स्वास्थ्य लगायतको स्वास्थ्य शिक्षा कक्षा संचालन गरीएको
- विद्यालयमा जुकाको औषधि वितरण
- MNH Update कार्यक्रम संचालन
- किशोरकिशोर मैत्री स्वास्थ्य संस्था निर्माण सम्बन्धी कार्यक्रम
- महिनावारी स्वच्छता सम्बन्धी कार्यक्रम संचालन
- MPDSR अभिमुखिकरण तथा समिति गठन
- प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङको सहयोगमा भिमापोखरा र लेखानी अन्तर्गतका महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरुको रिफ्रेसर तालिम संचालन

## बरेङ गाउँपालिका

- भित्रीवन, पन्चवली र सपौदेमा नागरिक आरोग्य कार्यक्रम
- सबै वडालाई एकै दिन एकै पटक पुर्ण खोप सुनिश्चित वडा घोषणा
- बाटाकाचौर र हुग्दिशिर स्वास्थ्यचौकीमा गर्भवती महिलाहरुको नि शुल्क भिडियो एक्स रे
- बाटाकाचौर र सल्यान स्वास्थ्यचौकीमा पाठेघरको मुखको क्यान्सर(VIA) परिक्षण
- सबै वडाहरुमा महिनावारी स्वच्छता सम्बन्धि विविध कार्यक्रम
- सबै विद्यालयहरुमा जुकाको औसधि वितरण









- सम्पुर्ण वडा तथा पालिका पुर्णखोप सुनिश्चितता तथा दिगोपना घोषणा कार्यक्रम
- PAMS -V2 तथा Data Verification सम्बन्धि अभिमुखिकरण कार्यक्रम
- पोषण सप्ताहा कार्यक्रममा विधालय तथा समुदाय स्वास्थ्य शिक्षा कार्यक्रम
- किशोरकिशोरी तथा प्रजनन स्वास्थ्य शिक्षा कार्यक्रम संचालन
- महिनावारी स्वछता स्वास्थ्य शिक्षा कार्यक्रम संचालन
- विधालयमा जुकाको औषधी वितरण कार्यक्रम
- नियमित ग्रामीण भिडियो एक्सरे सेवा कार्यक्रम
- क्षयरोग कार्यक्रमको स्थलगत अनुशिक्षण कार्यक्रम
- प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङको आयोजनामा दोगाडी आधारभुत स्वास्थ्य सेवा केन्द्रमा मानशिक स्वास्थ्य सम्बन्धि अभिमुखिकरण कार्यक्रम












## सुझाव र प्रतिक्रियाका लागि

baglungdho@gmail.com

hobaglung.gandaki.gov.np

068-520308

प्रकाशित मितिः असार २, २०८३